# मिति २०७४/०६/०२ गते बसेको सिद्ध कुमाख गाउँसभा बैठकका निर्णयहरू

**१. प्रस्ताव न. १** मा छलफल गर्दा ढोरचौर गाउँपालिकाको गाउँ सभा सदस्य श्री काली बहादुर बुढाथोकी मृगौला सम्बन्धि समस्या भई सुमेरु अस्पताल ललितपुरमा उपचाररत रहेकोले निजको शिघ्र स्वास्थ्य लाभको गाउँ सभाको विषेश बैठकले कामना गर्दछ । साथै गाउँकार्यपालिकाबाट निजको उपचारको लागि उपचार खर्च उपलब्ध गराउने निर्णयलाई स्वागत गर्दछ ।

**२. प्रस्ताव न. २** मा छलफल गर्दा मिति २०७४।५।१३ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय न. ६ बमोजिमका तपसीलका योजनाहरु खारेज गरी उक्त योजनामा विनियोजित एकमुष्ट रु. ३१५००००। मध्ये कृषि सेवा तर्फ रु. १६०००००। र पशु सेवा तर्फ रु. १५५००००। विनियोजन गरी आ.व. ०७४।७५ को वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

**तपसील**

१. सिद्ध मावि भडारे भवन निर्माण रु. १६०००००।

२. शान्ति सुन्दर आ.वि.खार्बन २ कोठे भवन निर्माण रु. १००००००।

३. शान्ति प्रा.वि कागखोला भवन मर्मत तथा घेरवार रु. २५००००।

४. हिमालय निमावि माभझखर्क फिल्ड निर्माण घेरवार र. ३०००००।

**३. प्रस्ताव न. ३** मा छलफल गर्दा मिति २०७४।४।२७ गतेको गाउँकार्यपालिकाको निर्णय न. १ र २ र मिति २०७४।५।२६ गतेको गाउँकार्यपालिकाको निर्णय न. ५ बमोजिम यस गाउँपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य चौकी कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

साथै साविक सिद्धेश्वरी र चाँदेकरेन्जी गाउँ विकास समितिका स्थायी कर्मचारीहरु स.ले.पा.कृष्ण बहादुर चलाउने र अ.स.ई.मनोज योगी लाई नेपाल सरकारको प्रचलित कानुन बमोजिम स्थानीय भत्ता र महंगी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**४. प्रस्ताव न. ४** मा छलफल गर्दा यस गाउँपालिकाको उपाध्यक्ष श्री पुष्पा कुमारी बोहराको संयोजकत्वमा तपसील बमोजिमको न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसील

१. श्री पुष्पा कुमारी बोहरा -संयोजक

२. श्री पूर्ण बहादुर थापा -सदस्य

३. श्री सीता वि. क. -सदस्य

**५. प्रस्ताव न. ५** मा छलफल गर्दा गाउँपालिका आर्थीक कार्यविधि नियमित तथा व्यवस्थीत गर्न बनेको कानुन, २०७४ लाई स्विकृत गर्ने निर्णय गरियो ।

**६. प्रस्ताव न. ६** मा छलफल गर्दा साविकका स्थानीय निकायबाट गाउँपालिकामा हस्तान्तरण भई प्राप्त भएको जम्मा रकम रु ७५०९५०। मध्ये तपसील बमोजिमका योजना तथा कार्यक्रममा रु ७५००००।विनियोजन गर्ने निर्णय गरियो ।

**<u>तपसील</u>**

१. त्रिवेणी देखि जनज्योती प्रावि जोडने सडकमा पहिले विनियोजन रकम रु. २०००००। मा रु. ३०००००। थप गरी जम्मा रु. ५०००००। विनियोजन गर्ने ।

२. औषधी उपचार कोष स्थापनाको लागि रु. ४०००००। विनियोजन गर्ने ।

३. लालीगुँरास नागरिक सचेतना केन्द्रमा शौचालय निर्माण लागि रु. २५०००। विनियोजन भएकोमा रु. २५०००। थप गरि जम्मा रु ५००००। विनियोजन गर्ने ।

४. वडा न. ३ मा गाउँघर क्लिनिक शौचालय निर्माण रु. २५०००। विनियोजन भएकोमा रु. २५०००। थप गरि जम्मा रु ५००००। विनियोजन गर्ने ।